२२२८/४२६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १३६/०७३/७४

निर्णय नं. ४२६

जिल्ला बारा, कलैया नगरपालिका-२० निबासी सर्फुल्लाह अंसारी ..............................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, त्रि. बि. शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौं ........................१ } विपक्षी
सूचना अधिकारी, त्रि. बि. शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौं ........................१

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

जिल्ला बारा, कलैया नगरपालिका-२० निबासी सर्फुल्लाह अंसारीले त्रि. बि. शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०४।२५ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी त्रि. बि. शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौंको नाममा मिति २०७३।०४।३२ मा आदेश गरिएको । उक्त आदेश कार्यान्वयनको लागि यस आयोगको च. नं. २३१ मिति २०७३।०५।०५ को पत्र मार्फत लेखी गएको । तत् पश्चात त्रि. वि. शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौंको च. नं. ३९५ मिति २०७३।०५।२९ को पत्र मार्फत सूचना उपलब्ध गराएकोले सो सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल पुष २१ गते रोज ५ शुभम् ।